स्थानः नगरपालिकाको सभाहल

समयः विहान १०.३०

आज मिति २०७८/१/१३ गतेका दिन सन्धिखर्क नगरपालिका नगरकार्यपालिकाको बैठक सन्धिखर्क नगरपालिकाका नगरप्रमुख श्री कमल प्रसाद भुसालको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णय गरियो ।

कार्यपालिका बैठक नम्बरः ४४ (२०७७/०७८-११)

| क्रम संख्या | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | नगर प्रमुख श्री कमल प्रसाल भुसाल | |
| २. | सदस्य | उप प्रमुख श्री ठाकुर कुमार वि.क | |
| ३. | सदस्य १६ नं वडा अ. | श्री युवराज वञ्जाडे श्री आङा परियार | |
| ४. | सदस्य | श्री मोतिजङ्ग रायमाझी | |
| ५. | सदस्य | श्री लिलाराम गौतम | |
| ६. | सदस्य | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| ७. | सदस्य का.वा. अ | श्री ~~रजेन्द्र भुसाल~~ श्री हुम बहादुर खत्री | |
| ८. | सदस्य | श्री कृष्ण प्रसाद आचार्य | |
| ९. | सदस्य | श्री प्रितम बहादुर थापा | |
| १०. | सदस्य | श्री इश्वरी प्रसाद भुसाल | |
| ११. | सदस्य | श्री देवि बहादुर रायमाझी | |
| १२. | सदस्य | श्री लक्ष्मी नारायण चुँदाली | |
| १३. | सदस्य | श्री धुर्व राज आचार्य | |
| १४. | सदस्य | श्री नारायण खड्का | |
| १५. | सदस्य | श्री लक्ष्मी नेपाली | |
| १६. | सदस्य | श्री मान बहादुर सुनार | |
| १७. | सदस्य | श्री श्रृजना वि.क | |
| १८. | सदस्य | श्री पदमा भुसाल | |
| १९. | सदस्य | श्री यमकला थापा क्षेत्री | |
| २०. | सदस्य | श्री बसन्ता के.सी | |
| २१. | सदस्य | श्री हिमकला टोमटा | |
| २२. | सदस्य | श्री रुपा वि.क | |
| २३. | संदस्य-सचिव | श्री कृष्णप्रसाद सापकोटा | |

मितिः२०७८/१/१३ गतेको कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. १

- आगामी आ.व.२०७८/०७९ को योजना तथा बजेट निर्माणको लागि नगरकार्यपालिकाको कार्यालयबाट र श्रोत अनुमान तथा सिमा निर्धारण समितिबाट पेस भएको बजेट सिलिङ्गका सम्बन्धमा थप अध्ययन गरी अर्को बैठकमा पेस गर्ने।

निर्णय नं. २

- सन्धिखर्क नगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट मिति २०७७/९/१५ गतेका दिन प्लास्टिक टनेल खरिदका लागि शिलबन्दी दरभाउपत्र आह्वान गर्दा सिल्पोलिन ब्रान्ड तोकि दरभाउपत्र आह्वान भएको देखिएकोले उक्त दरभाउपत्र बदर गरी पूनः प्लास्टिक टनेल खरिदका लागि शिलबन्दी दरभाउपत्र माग गर्ने।

निर्णय नं. ३

- सन्धिखर्क नगरपालिका वडा नं १ स्थित पटुवाथुममा भएको नेवारी समुदायमा वेलविवाहको सामाजिक परम्पराका लागि रु. ५१,१११।(अक्षेरुपी एकाउन्न हजार एकसय एघार रुपैया) सहयोग उपलब्ध गराउने।

निर्णय नं ४

- सन्धिखर्क नगरपालिका वडा नं ६ को नरपानी बजार क्षेत्रबाट निस्कने फोहर व्यवस्थापनका लागि सन्धिखर्क नगरपालिका वडा नं ६ को मिति २०७८/०१/०७ गतेको पत्रमा उल्लेख गरिए बमोजिम नरपानी बजारदेखि ५०० मिटरको दूरीमा रहेको सतिनेटा जाने बाटोमा पर्ने रातामाटा भन्ने ठाउँमा फोहर व्यवस्थापन केन्द्र स्थापन गर्ने।

निर्णय न. ५

- शैक्षिक सत्र २०७७ को वार्षिक परीक्षा मिति २०७८/१/१९ गते देखि सञ्चालन गर्ने गरी तयारी भएकोमा हाल फैलिरहेको कोरोना भाइरस कोविड-१९ लाई मध्यनजर गरी मिति २०७८/१/१४ गतेदेखि विद्यार्थीलाई परिक्षा तयारी विदा दिने र १९ गते बिहान १० बजे देखि दिनको १ बजेसम्म कक्षा १-५ को परिक्षा सञ्चालन गर्ने तथा दिनको २ बजेदेखि कक्षा ६-९ सम्मका परिक्षाहरु सञ्चालन गर्न विद्यालयहरूलाई सूचित गर्ने र सो अवधिमा सम्पूर्ण विद्यालयका शिक्षकहरूलाई विद्यालयमा नियमित रुपमा उपस्थित भै विद्यालयको दैनिक प्रशासनिक कामकाज गर्न सूचित गर्ने।

निर्णय नं. ६

- हाल कोरोना भाइरस कोविड-१९ फैलिरहेको सन्दर्भमा रोजगारी तथा अन्य प्रयोजनका लागि स्वदेश तथा विदेशबाट यस नगरपालिकामा फर्कने नगरवासीहरु घरमा प्रवेश गरेको मितिदेखि कम्तीमा १० दिनसम्म स्वास्थ्य मापदण्ड पालना गर्दै अनिवार्य रुपमा होम क्वारेन्टिनमा बस्ने व्यवस्थाका लागि नगरपालिकाको स्वास्थ शाखाले सार्वजनिक सूचना प्रकाशन गर्ने ।

- हाल फैलिरहेको कोविड-१९लाई मध्यनजर गरी अत्यावश्यकीय स्वास्थ्य सामग्री खरिद प्रक्रिया स्वास्थ्य शाखाले अगाडि बढाउने।

निर्णय नं. ७

- सन्धिखर्क नगरपालिकाको कार्यसम्पादनलाई थप परिणाममुखी बनाउन प्रमुख प्रशासकीय अधिकृतले नगरप्रमुखसँग र शाखा प्रमुखहरूले प्रमुख प्रशासकीय अधिकृतसँग कार्यसम्पादन सम्झौता गर्ने ।